# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## वस्तु बजार तथा अनुसन्धान विभाग


मितिः२०७८।१२।१५

## प्रेस विज्ञप्ति

### Global Money Week-2022 समापन सम्बन्धमा।

बोर्डले यहि चैत ७ गते देखि १३ गते (तद्अनुसार मार्च २१ देखि मार्च २७ सम्म) वित्तीय साक्षरता, धितोपत्र बजार शिक्षा तथा सचेतनासम्बन्धी देशभर विभिन्न कार्यक्रमहरू सञ्चालन गरी Global Money Week-2022 सम्पन्न गरेको छ। किशोर तथा युवाहरुमा वित्तीय शिक्षा अभिबृद्धी गर्ने तथा यसको महत्वका सम्बन्धमा जागरण ल्याउने उद्देश्यले आयोजना गरिएको उक्त सप्ताहमा बोर्डले विभिन्न कार्यक्रमहरूको समन्वय एवं संचालन गरेको थियो। Organisation for Economic Cooperation and Development/ International Network on Financial Education (OECD/INFE) ले वार्षिक रुपमा आयोजना गर्ने यो सप्ताहमा बोर्डको समन्वयमा संचालित विभिन्न कार्यक्रमहरूमा धितोपत्र बजारका नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से), सिडिएस एण्ड क्लियरिंग लि.(सिडिएससि), मर्चेन्ट बैंकर, धितोपत्र दलाल व्यवसायी, रेटिंग एजेन्सीहरू सम्लग्न रहेका थिए । त्यस्तै, बोर्डले संचालन गरेको वित्तीय साक्षरता र्यालीमा वित्तीय क्षेत्रका अन्य नियमन निकाय नेपाल राष्ट्र बैंक, बिमा समिति, नेशनल बैंकिंग इन्ष्टिच्यूट, बैंक तथा वित्तीय संस्थाहरू, बीमा कम्पनी तथा धितोपत्र बजारसम्बद्ध सम्पूर्ण संघ संस्थाहरूको सहभागिता रहेको थियो। उक्त सप्ताहमा नेपाल धितोपत्र बोर्ड तथा धितोपत्र बजारसम्बद्ध पक्षहरूबाट देहाय बमोजिमको कार्यक्रमहरु सञ्चालन भएका थिए:

**(चैत ७, सोमबार):** नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, बीमा समिति र सहकारी विभागबाट संयुक्त रूपमा आयोजित वित्तीय सेवा र वित्तीय साक्षरता तथा यसको महत्व विषयक कार्यक्रममा बोर्डका तर्फबाट धितोपत्र बजारको आधारभूत पक्ष र लगानी शिक्षासम्बन्धमा बोर्डका उप कार्यकारी निर्देशक डा. नवराज अधिकारीले प्रस्तुतीकरण गर्नुभएको थियो। उक्त कार्यक्रममा देशका विभिन्न प्रदेशका विद्यार्थी, सहकारी संस्थाका सेवाग्राही, बीमा अभिकर्ता तथा अन्य वित्तीय सेवाग्राहीका साथै धितोपत्र बजारका लगानीकर्ताको उल्लेखनिय सहभागिता रहेको थियो।

**(चैत ८, मंगलबार):** धितोपत्र बजार तथा लगानी सचेतना सम्बन्धमा तयार गरिएका पम्पलेट तथा लिफ्लेट प्रकाशन तथा वितरणका साथै धितोपत्र बजारको अवस्था तथा प्रवृत्ति, बजारको विकास तथा विस्तारका लागि विगतका वर्षहरुमा भएका पहलका साथै लगानीकर्ताहरुमा बोर्डको सन्देश लगायतका सामग्रीहरू गोरखापत्रमा प्रकाशन गरिएको थियो। त्यसैगरी सोही दिन नेपाल स्टक एक्सचेञ्ज लि. ले लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम आयोजना गरेको थियो। उक्त कार्यक्रममा नेप्से र सिडिएससिले NOTS System र Central Securities Depository को प्राविधिक पक्षहरूका सम्बन्धमा सहभागीहरूलाई प्रशिक्षण गर्नुका साथै बोर्ड अध्यक्ष श्री रमेश कुमार हमालको प्रमुख आतिथ्यतामा Ring the Bell कार्यक्रम समेत सम्पन्न गरेको थियो। त्यस्तै, एक मर्चेण्ट बैंकरले हेराल्ड कलेजका स्नातक तहका कुल ७० जना विद्यार्थीहरूलाई सहभागी गराई लगानी व्यवस्थापन तथा इन्भेष्टमेन्ट बैंकिंग सम्बन्धमा प्रशिक्षण कार्यक्रम संचालन गरेको थियो ।


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल

फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३

फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np

**(चैत ९, बुधबार):** बोर्डको समन्वयमा देशका विभिन्न प्रदेशका मुख्य शहरहरू पोखरा, बुटवल तथा विराटनगरमा धितोपत्र बजारसम्बन्धी लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको थियो। विराटनगरमा बोर्ड, नेप्से, सिडिएससि, स्टक ब्रोकर एशोसियसन अफ नेपाल, मर्चेन्ट बैंकर्स एशोसियसन अफ नेपाल तथा इक्रा नेपाल लि.समेतको प्रस्तुतिकरण रहेको उक्त कार्यक्रममा २०० भन्दा बढी युवा, विद्यार्थी एवं लगानीकर्ताको सहभागिता रहेको थियो । पोखरामा आयोजित कार्यक्रममा १८० जना र बुटवलमा आयोजित कार्यक्रममा १७० जनाको सहभागिता रहेको थियो । मर्चेण्ट बैंकर प्रभु क्यापिटल लि.ले चैत ९ गते ललितपुरको वागमति गाउँपालिका स्थित जनजागृति उच्च माध्यमिकका उच्च माध्यमिक तहका कुल ८० जना विद्यार्थी, शिक्षक तथा स्थानीय अभिभावकहरूलाई आधारभूत सेयर शिक्षा सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गरेको थियो ।

**(चैत १०, विहिबार)** बोर्डको समन्वय तथा स्टक ब्रोकर एसोसिएशन अफ नेपाल र मर्चेन्ट बैकर एसोसिएशन अफ नेपालको संयुक्त आयोजनामा सुदूरपश्चिम प्रदेशको धनगढी शहरमा प्रदेशस्तरीय धितोपत्र बजार सम्बन्धी लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम संञ्चालन गरिएको भयो। उक्त कार्यक्रममा मुख्यमन्त्री माननीय त्रिलोचन भट्ट प्रमुख आतिथि, सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव श्री रामेश्वर दंगाल र बोर्डका अध्यक्ष श्री रमेश कुमार हमाल, तथा सुदूरपश्चिम विश्वविद्यालयका व्यवस्थापन संकायका डीन पदम राज जोशी विशेष अतिथि रहनु भएको थियो। कार्यक्रममा माननीय मुख्यमन्त्रीले सुदूरपश्चिम प्रदेशमा ठूल ठूला उद्योग कलकारखाना खोल्न तथा प्रदेशका युवा जनशक्तिलाई प्रदेशमा नै रोजगारीको अवसर सृजना गर्न नेपाल धितोपत्र बोर्ड लगायत अन्य निकायले पनि देशको संघिय ढाँचालाई अनुसरण गर्नुपर्ने र उक्त कार्यलाई सहयोग गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनुभयो। लगानीकर्ता, युवा, विद्यार्थी र विभिन्न क्षेत्रका व्यवसायी तथा पेशाकर्मी गरी ३०० जना सहभागी भएको उक्त कार्यक्रमको पहिलो सत्रमा धितोपत्र बजारका आधारभूत पक्ष तथा बजारको महत्व सम्बन्धमा बोर्डका उप कार्यकारी निर्देशक डा. नवराज अधिकारीले प्रस्तुतिकरण गर्नु भएको थियो। यस्तै वित्त बजार तथा वित्तीय साक्षरता सम्बन्धमा नेपाल राष्ट्र बैंक धनगढीका का.मु निर्देशक अवन्तिका रिमाल र धितोपत्रको दोस्रो बजार सम्बन्धमा नेप्सेका प्रवन्धक निरञ्जन फुयालले प्रस्तुतिकरण गर्नु भएको थियो ।

**(चैत ११ शुक्रबार)** बोर्डले Zoom मार्फत् सामूहिक लगानी कोष र क्रेडिट रेटिगंका आधारभूत पक्षहरूका सम्बन्धमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको थियो। मर्चेन्ट बैंकर्स एशोसियसन अफ नेपालका तर्फबाट श्री पोस्कर बस्नेत र इक्रा नेपाल लि. बाट श्री राजिव महर्जनको प्रस्तुतीकरण रहेको उक्त कार्यक्रम बोर्डका का.मु. निर्देशक श्री रेवत श्रेष्ठले सञ्चालन गर्नुभएको थियो। यस भर्चुअल कार्यक्रममा करिब १,१०० लगानीकर्ताहरूको सहभागिता रहेको थियो।

**(चैत १२ शनिबार)** बोर्डले रेडियो नेपालमार्फत् "वित्तीय साक्षरता, धितोपत्र बजार शिक्षा तथा सचेतना" सम्बन्धमा उच्चस्तरीय छलफल कार्यक्रम आयोजना गरेको थियो। उक्त कार्यक्रममा प्रा. डा. राजन बहादुर पौडेल, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश कुमार क्षेष्ठ, बीमा क्षेत्रका विज्ञ श्री भोजराज शर्मा र बोर्डका उपकार्यकारी निर्देशक तथा विश्व वित्तीय सप्ताह-२०२२ धितोपत्र बजार शिक्षा तथा सचेतना अभिबृद्धि कार्यक्रम आयोजना समितिका संयोजक डा.नबराज अधिकारीको सहभागिता रहेको थियो। सोही दिन "पुँजी बजार शिक्षा तथा युवाको सशक्तिकरण" विषयमा हिमालयन टेलिभिजनमार्फत्

छलफल कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा बोर्ड अध्यक्ष श्री रमेश कुमार हमाल, बोर्डका पूर्व अध्यक्ष प्रा.डा. शुरविर पौड्याल, प्रा.डा. राधेश्याम प्रधान, नेप्सेका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर कार्की र वित्त तथा कर विज्ञ श्री केपी पाण्डे वक्ताको रूपमा रहनुभएको थियो। त्यस्तै, प्रभु क्यपिटल लि.ले नेपाल धितोपत्र बोर्डको समन्वयमा नेपालमै पहिलो पटक काठमाडौं उपत्यकाका १५ वटा कलेजका स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरूलाई सहभागी गराई अन्तर कलेज वित्तीय प्रश्नेत्तरी प्रतिस्पर्धा-२०२२ संचालन गरेको थियो ।

**(चैत १३ आइतबार)** बोर्डको समन्वय एवं व्यवस्थापनमा वित्तीय साक्षरता सम्बन्धी प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको थियो। प्रभातफेरी कार्यक्रमको समापन सत्र माननीय अर्थ मन्त्री जनार्दन शर्मा प्रभाकरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बोर्ड, नेपाल राष्ट्र बैंक, बीमा समिति, नेप्से, सिडिएसि, रेटिङ्ग संस्थाहरू, स्टक ब्रोकर एशोसियसन अफ नेपाल र मर्चेन्ट बैंकर्स एशोसियसन अफ नेपाल, नेशनल बैकिङ्ग इन्स्टिच्यूट र उक्त निकाय तथा संस्था सम्बद्ध संस्था तथा कर्मचारीहरूको व्यापक सहभागिता रहेको थियो। कार्यक्रममा माननीय अर्थमन्त्रीज्यूले हालको नयाँ नेतृत्वले नयाँ प्रतिबद्दता सहित नयाँ संरचना तथा योजनासहित बजारको विकास तथा विस्तारका लागि कार्य गर्नुपर्ने विचार राख्दै नेपालको पुँजी बजारलाई अन्तर्राष्ट्रिय स्तरको प्रविधिमैत्री एवं आधुनिक बनाउनुका साथै बजारलाई अर्थतन्त्रको ऐनाको रूपमा विकास गर्न सम्बद्ध सबै पक्षलाई निर्देशन समेत दिनुभयो। वित्तीय अज्ञानताका कारण विविध खालका समस्या उत्पन्न हुने र आरोप प्रत्यारोपहरू लाग्ने हुँदा सर्वसाधारणलाई बुद्धिमतापूर्वक निर्णय लिन सक्षम बनाउन साक्षरता सम्बन्धी कार्यक्रमहरू तल्लो तह सम्म सञ्चालन गर्न समेत निर्देशन दिनुभयो। उक्त कार्यक्रममा माननीय अर्थमन्त्रीज्यूले Global Money Week-2022 को अवसरमा नेपाल धितोपत्र बोर्ड, नेप्से, सिडिएससि तथा मर्चेन्ट बैंकर्स एशोसियसनले प्रकाशन गरेका वित्तीय साक्षरता तथा धितोपत्र बजारसम्बन्धी जानकारीमूलक पुस्तिकाहरू समेत विमोचन गर्नुभयो। भद्रकालीबाट शुरू भै भृकुटीमण्डपमा समापन भएको उक्त र्‍यालीमा धितोपत्र बजार सम्बद्ध पक्ष, बीमा तथा सहकारीसम्बद्ध पक्ष र बैंक तथा वित्तीय संस्थाका पदाधिकारी तथा कर्मचारी गरी ३००० भन्दा बढी जनाको सहभागिता रहेको थियो।

विश्व वित्तीय सप्ताह-२०२२ मा सञ्चालित उल्लिखित कार्यक्रमहरूबाट वित्तीय साक्षरता, धितोपत्र बजार गतिविधि तथा महत्वको सम्बन्धमा आमसर्वसाधारणमा जानकारी प्राप्त भै वित्तीय साक्षरता तथा धितोपत्र बजार सचेतना अभिवृद्धि हुने र धितोपत्र बजारमा सुसूचित भै प्रवेश गर्न उत्साहित हुने र यसबाट धितोपत्र बजारसम्बन्धी गतिविधिहरुमा अझ व्यापकता आउने विश्वास बोर्डले लिएको छ ।

२०७८.१२.१५

.............................

सह प्रवक्ता


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल

फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३

फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np